Research Journal of Padmakanya Multiple Campus Vol. 4, No. 1, September 2025 © RMC-TU

# श्रीमान् वीरबहादुर कथामा प्रतिरोध

शारदा पाण्डे*

**लेखसार**

प्रस्तुत लेखमा रामलाल जोशीको ऐना कथासङ्ग्रहभित्रको श्रीमान् वीरबहादुर कथामा प्रतिरोधको अध्ययन गरिएको छ। सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण पक्षका रूपमा प्रतिरोध सिद्धान्त रहेको छ। यस लेखमा श्रीमान् वीरबहादुर कथामा सीमान्तकृत वर्गप्रति शक्तिशाली वर्गले गरेको उत्पीडन र उपेक्षा कुन रूपमा प्रस्तुत भएको छ र त्यसले उत्पीडित समुदायमा उत्पन्न प्रतिरोध केकसरी प्रकट भएको छ भन्ने जिज्ञासाको समाधान गर्नु मुख्य उद्देश्य रहेको छ। यसका लागि सांस्कृतिक अध्ययनअन्तर्गत पअल डे मन र जुडिथ बटलरको प्रतिरोधसम्बन्धी अवधारणालाई प्रमुख सिद्धान्तका रूपमा अपनाइएको छ। यसमा पाठविश्लेषण विधिलाई मुख्य अध्ययन विधिका रूपमा अँगालिएको छ। यस लेखमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री लिई प्रतिरोध सिद्धान्तका आधारमा अध्ययन र विश्लेषण गरी रामलाल जोशीको श्रीमान् वीरबहादुर कथाले प्रभुत्वशाली नेपाली समाजमा वर्गीय, जातीय र लैङ्गिक आधारमा उत्पीडित समुदायप्रति गरिएका उत्पीडनलाई सघन रूपमा उठाएको छ र ती लक्षित समुदायमाथि सामाजिक, सांस्कृतिक धरातलमा भएका त्यस प्रकारका उत्पीडनका विरुद्ध पात्रका क्रियाकलापद्वारा व्यक्त गरिएका प्रतिरोधसम्बन्धी सशक्त विचारलाई अत्यन्त महत्त्वका साथ सूक्ष्म रूपमा प्रदर्शित गर्दै प्रभावशाली ढङ्गले विशेषतः लैङ्गिक प्रतिरोध सबलतापूर्वक प्रस्तुत भएको निष्कर्ष निकालिएको छ।

***शब्दकुञ्जिका :*** उत्पीडित, प्रतिरोध, प्रभुत्वशाली वर्ग, शक्तिकेन्द्र, सीमान्तकृत वर्ग।

## विषय परिचय

रामलाल जोशी आधुनिक नेपाली कथाका उत्तरवर्ती चरणका सामाजिक यथार्थवादी कथाकार हुन्। उनीद्वारा लिखित *ऐना* (२०७३) कथासङ्ग्रहमा सङ्कलित कथाहरूले सुदूरपश्चिम नेपालका जनताका पीडा र छटपटीलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन्। मोफसलमा बसेर मूलधारको नेपाली कथालेखनमा उल्लेखनीय योगदान दिने जोशीका कथामा आफ्नै वरिपरि देखेभोगेका विषयलाई चित्रण गरिएको छ। विशेषतः उनका कथाले नारीका जीवनभोगाइका विभिन्न पक्ष र निम्न वर्गीय समाजका उत्पीडनलाई सशक्त रूपमा प्रस्तुत गरेका हुन्छन्। उनका कथामा केन्द्रीय शक्तिद्वारा सीमान्त अवस्थामा पुऱ्याइएका निम्न वर्गीय जीवनका यथार्थ चित्रकृति खिचिएको हुन्छ। जोशीद्वारा लिखित 'श्रीमान् वीरबहादुर' कथामा एउटी नारीका जीवन भोगाइका उतारचढावका विविध पाटाहरू खोतल्दै उसले प्रभुत्वशाली समाजमा अस्तित्व प्राप्त गर्नका लागि गरेका सङ्घर्षलाई मूल विषयका रूपमा प्रस्तुत गरिएको छ। त्यस्तै विवेच्य कथामा उच्च वर्गीय समुदायका व्यक्तिहरूले निम्न वर्गीय पात्रलाई गरेको नियन्त्रण र उत्पीडनलाई समेत प्रस्तुत गर्दै उत्पीडित समूहका पात्रहरूले आफूलाई गरिएको दुर्व्यवहारका विरुद्ध प्रतिरोध गरेका छन्। अतः यस कथामा उच्च वर्गीय तथा प्रभुत्वशाली समूहको उत्पीडनका विरुद्ध उपेक्षित, निम्नवर्गीय पात्रहरूले प्रतिरोध गरेको

* उपप्राध्यापक, नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि., E-mail: pandeysharda091@gmail.com

देखाइएको छ। यस दृष्टिले प्रभुत्वशाली तथा उच्च वर्गका विरुद्ध निम्न वर्गका पात्रहरूमा विकसित प्रतिरोधी चेतनाका सन्दर्भहरू प्रस्तुत कथामा पर्याप्त छन् त्यसैले प्रतिरोधका कोणबाट यो कथा अध्ययनीय छ। विवेच्य कथामा सीमान्त समुदायका प्रतिरोधसम्बन्धी वर्गीय, जातीय तथा लैङ्गिक स्वरूपका प्रतिरोधको अवधारणाका आधारमा जोशीको 'श्रीमान् वीरबहादुर' कथाको विश्लेषण गरिएको छ। प्रस्तुत कथाको विभिन्न पक्षबाट अध्ययन भए तापनि हालसम्म प्रतिरोधका आधारमा अध्ययन हुनसकेको छैन। उक्त अभावलाई दृष्टिगत गरी प्रस्तुत लेखमा 'श्रीमान् वीरबहादुर' कथामा प्रतिरोधको प्रयोग के कसरी गरिएको छ भन्ने जिज्ञासाको समाधान खोजिएको छ।

## अध्ययनविधि

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरूको प्रयोग गरिएको छ। यस क्रममा रामलाल जोशीद्वारा लिखित श्रीमान् वीरबहादुर कथालाई प्राथमिक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ भने प्रतिरोधसम्बन्धी सैद्धान्तिक अवधारणा र त्यसका आधारमा कथाको सांस्कृतिक विश्लेषणका लागि प्रयोग गरिएका विभिन्न समालोचकीय ग्रन्थहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ। यी दुवै प्रकारका सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ। प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित सामग्रीको विश्लेषणमा पाठ विश्लेषणअन्तर्गत विषयवस्तु विश्लेषण विधिको अवलम्बन गरिएको छ।

## सैद्धान्तिक आधार

सांस्कृतिक अध्ययनका विविध अवधारणाहरूमध्ये प्रतिरोध सिद्धान्त पनि नवीन अवधारणा हो। प्रतिरोध सत्ता, शक्ति, नियन्त्रण वा सामाजिक अन्यायका विरुद्ध व्यक्ति, समूह वा समुदायले गर्ने सचेत वा असचेत, सशक्त वा सूक्ष्म प्रतिक्रिया हो (मन, सन् १९८२, पृ. ३७)। प्रतिरोधले सामाजिक व्यवहारमा देखिने शक्ति र नियन्त्रण विरुद्धका रणनीति, व्यवहार र अभ्यासहरूको विश्लेषण गर्छ। प्रतिरोध सिद्धान्तका विषयमा मिसेल फुको र ज्याक डेरिडाको धारणा भाषा नै शक्ति संरचना हो। भाषाको नवीन तरिकाले प्रयोग गरिँदा त्यसले शक्ति सम्बन्धमा दरार ल्याउँछ। यी दुई विद्वान्ले भाषाका माध्यमबाट नाम, लिङ्ग, जातको पुनः अर्थ लगाउने प्रक्रियालाई नै प्रतिरोध मानेका छन्। जुडिथ बटलर (सन् १९९०) ले शरीरलाई प्रतिरोधको माध्यम ठानेकी छन्। उनका अनुसार जब व्यक्तिले यौनिकता, लिङ्ग, पहिरन वा सामाजिक व्यवहारमा नियम उल्लङ्घन गर्छन् तब उनीहरूको शरीर नै विरोधको भाषामा बदलिन्छ (पृ. १४०)। उनले व्यक्ति शरीरलाई प्रतिरोधको कारक ठानेकी छन्। उनले उत्पीडनका विरुद्ध शरीरलाई सुरक्षित गर्न प्रतिरोधको आवश्यकता हुने बताएकी छन्। उनका अनुसार लिङ्ग कुनै स्थायी पहिचान होइन, यो एक नियमित दोहोरिने कार्य वा प्रदर्शन हो, जसलाई तोडेर प्रस्तुत गर्दा प्रतिरोध हुन्छ (सन् १९९०, पृ. १४०)। प्रतिरोध सिद्धान्तका बारेमा जेम्स स्कटले काममा ढिलासुस्ती गर्नु, मौन रहनु वा काम बिगार्नु पनि प्रतिरोध भएको बताएका छन्। यस सम्बन्धमा सञ्जीव उप्रेती (२०६८) ले फुकोका विचारलाई उल्लेख गरेका छन्। "'शक्ति'को अभ्यास आर्थिक क्षेत्रमा मात्र नभएर अन्य क्षेत्रमा पनि भइरहेकै हुन्छ" (पृ. ४२)। यसरी प्रदर्शन हुने शक्तिका विरुद्ध व्यक्ति वा समूहमा विभिन्न क्षेत्र, तह र स्वरूपमा प्रतिरोध देखापर्ने स्पष्ट हुन्छ।

उत्पीडित वर्गले शक्तिकेन्द्र वा प्रभुत्वशाली वर्गसँग आफ्नो अधिकार सुरक्षाका लागि आफूमाथि भएका विभेदका विरुद्धमा उभिएर आवाज उठाउने सामार्थ्य राख्नु नै प्रतिरोध हो। राजेन्द्र महर्जन (२०७७) का अनुसार "सामान्यतः सत्ता, शक्ति, सम्पत्ति र पहुँच बढी भएको व्यक्ति वा संस्थाले गर्न खोजेको वा गरेको

नराम्रो काम वा नीतिमा बाधा-अड्चन हाल्नु, रोकतोक गर्नु, विरोध वा सङ्घर्ष गर्नु नै प्रतिरोधी चेतना व्यक्त गर्नु हो" (पृ. १६) । यसप्रकार सत्ता वा शक्तिका विरुद्धमा जुनसुकै किसिमको बाधा उत्पन्न गराउनु प्रतिरोध हो भन्ने स्पष्ट हुन्छ । साहित्यिक कृतिभित्र प्रतिनिधित्व गराइएको वर्गीय, जातीय र लैङ्गिक दृष्टिले उत्पीडित तथा सीमान्तकृतहरूको प्रतिरोधी चेतना केकसरी व्यक्त गरिएको छ भन्ने कुराको अध्ययन यसमा गरिन्छ । गायत्री चक्रवर्ती स्पिभाकका दृष्टिमा सबाल्टर्नहरू बोल्न सक्दैनन्, बोलिहाले पनि उनीहरूको आवाजलाई मूलधारबाट दबाउने काम गरिन्छ । स्पिभाकका विचारमा नारीहरू नै वास्तविक सीमान्तकृत हुन् । पितृसत्तात्मक समाजमा सबै पक्षबाट उपेक्षित र किनारामा पारिएका भनेका महिलाहरू हुन् (राई, २०७८, पृ.१५७) । यसरी साहित्यकृतिमा सीमान्तकृत वर्गको उपस्थिति र प्रतिनिधित्व कस्तो छ भन्ने विषयको खोजी यसअन्तर्गत गरिन्छ । "प्रतिरोध सिद्धान्तले त्यस्तो प्रक्रियाको अध्ययन गर्छ जसबाट व्यक्ति वा समूहहरूले प्रभुत्वशाली शक्ति, बोली वा विचारधारालाई चुनौती दिन्छन्, प्रायः त्यही संरचनाभित्रबाट उनीहरू विरोध गर्छन्" (डे मन, १९८२, पृ.४१) । सत्ता र शक्तिको निकट हुने बुद्धिजीवी र नागरिक समाजका प्रतिनिधिले राज्यको दमनकारी भूमिकालाई सफेद बनाई प्रचारप्रसार गरिदिने हुँदा ग्राम्सीले जैविक बुद्धिजीवीको आवश्यकताको अवधारणा अगि सारेका हुन् ।

नेपाली साहित्यमा प्रतिरोधको अवधारणा अत्यन्त महत्त्वपूर्ण छ, विशेषतः जातीय, लैङ्गिक, वर्गीय, भाषिक र सांस्कृतिक सङ्घर्षको सन्दर्भमा प्रतिरोध व्यक्त भएको हुन्छ । कुनै पनि कृतिमा प्रयुक्त उत्पीडित समुदायका पात्रले प्रभुत्वशाली वर्ग तथा सत्ता र शक्तिमा रहेका वर्गका क्रियाकलाप र नीतिप्रति जुनसुकै प्रकृतिको विरोध भए पनि त्यो उपेक्षित समूहका हकका लागि गरिएको आवाज हो । उत्पीडनमा पारिएका वर्गले आफ्नो अधिकारको रक्षाका लागि उठाउने कुनै पनि किसिमको क्रिया वा प्रतिक्रिया नै प्रतिरोध हो । कृतिमा उपेक्षित समुदायले कस्तो प्रतिक्रिया देखाएका छन् र उनीहरूमा प्रतिरोधको भाव विकसित भएको छ छैन भन्ने आधारमा पाठको विश्लेषण गरिन्छ । यस लेखमा पनि वर्गीय, जातीय तथा लैङ्गिक दृष्टिले उत्पीडनमा पारिएका समुदायको प्रतिरोधका आधारमा रामलाल जोशीको 'श्रीमान् वीरबहादुर' कथाको विश्लेषण गरिएको छ । जोशीका सबल प्रतिरोधयुक्त कथाको छनोट गरी त्यसको विश्लेषणलाई निम्न तीनवटा उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

## नतिजा र विमर्श

रामलाल जोशीको *ऐना* कथासङ्ग्रह(२०७३) मा सङ्कलित 'श्रीमान् वीरबहादुर' कथामा प्रभुत्वशाली वर्गको शोषण, विभेद र उत्पीडनमा परी विपन्न तथा उपेक्षित वर्गले किनाराकृत भएर बाँच्नु परेको यथार्थलाई चित्रण गरिएको छ । यस क्रममा कथामा प्रयुक्त विविध पात्रहरूका माध्यमबाट प्रतिरोधी विचारलाई प्रस्तुत गरिएको छ । यसर्थ, जोशीको 'श्रीमान् वीरबहादुर' कथामा प्राप्त वर्गीय दृष्टिले उत्पीडनमा पारिएका पात्रहरूद्वारा अभिव्यक्त प्रतिरोधसम्बन्धी सूचकहरूका आधारमा विश्लेषण गरिएको छ । कथामा उपेक्षित समुदायका पात्रमा अभिव्यञ्जित प्रतिरोधसम्बन्धी वर्गीय, जातीय र लैङ्गिक प्रकृतिका प्रतिरोधी अवधारणाका आधारमा 'श्रीमान् वीरबहादुर' कथाको अध्ययन गर्दै उत्पीडित समुदायका आवाज र प्रतिरोधलाई सूक्ष्म विश्लेषण गरिएको छ ।

## श्रीमान् वीरबहादुर कथाको विषयसन्दर्भ

प्रस्तुत 'श्रीमान् वीरबहादुर' कथा साना ठुला गरी जम्मा ११५ अनुच्छेदमा लेखिएको छ । संवादात्मक वाक्यबाट आरम्भ गरिएका सुरुका अनुच्छेद अत्यन्त छोटा छन् । १ देखि ५० सम्मका अनुच्छेदमा वीरबहादुरले

सुब्बासापलाई कुटेको आरोपमा प्रहरीले पक्रेर रातभरि भोकै थुनामा राखेको सन्दर्भ प्रस्तुत भएको छ । यस क्रममा प्रहरीले वीरबहादुरलाई परिचयसहित सुब्बासापलाई कुट्नाको कारण सोध्ने क्रममा उसको स्वाभिमानमा आँच पुग्नेगरी गालीगलौज गरेको छ । वीरबहादुरलाई पनि रिस उठेको पुलिसले उसलाई जबरजस्ती कागजमा सही गर्न लगाउँदा नमानेको अनि सुब्बालाई गराएपछि आफूले सही गर्ने अन्यथा नगर्ने अडान लिएको जस्ता सन्दर्भ आएका छन् । प्रहरीले पछि सुब्बालाई कुट्नाको कारण सोध्दा वीरबहादुरले 'सुब्बासाप्ले दुई हजार दिन्छु तेरी श्रीमती मलाई दे' भन्ने हर्कत गरेको हुँदा पिटेको कुरा बताएको छ तर पनि वीरबहादुरलाई प्रहरीले नछोडेको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । अनुच्छेद ५१ देखि अनुच्छेद ५४सम्म गोरी, अग्ली आकर्षक सुन्दरी युवती प्रहरी कार्यालयमा आउँदा अ.स.ई.ले लेप्रो लगाएर त्यहाँ आउनाको कारण सोध्दै यस्तो जैरे नोकरका लागि किन पाउकष्ट गर्नुभएको भन्ने अभिव्यक्ति प्रस्तुत गरेको छ । यी अनुच्छेदमा युवतीको अनुरोधमा वीरबहादुरलाई छोडिदिन आदेश दिएको घटना विषय अभिव्यक्त भएको छ ।

अनुच्छेद ५५ देखि ७० सम्म युवती र प्रहरीबिच भएका संवाद प्रस्तुत गरिएको छ। युवतीले वीरबहादुर आफ्नो श्रीमान् भएको बताउँदा 'प्रहरीले के ठट्टा गर्नुभएको मै'साप नोकर पनि ?' भन्दा युवती रिसले आगो भएको घटना कथामा प्रस्तुत भएको छ । प्रहरीको 'यस्तो पनि हजुरको श्रीमान् हुन्छ ?' भन्ने अभिव्यक्तिमा युवतीले आक्रोशित हुँदै "तपैंजस्तो जन्तामारा, सुब्बाजस्तो पतित, त्यो हाकिमजस्तो घुस्याहा अथवा त्यो नेताजस्तो राष्ट्रघाती ?" भन्ने जवाफ दिएको घटना सन्दर्भ आएको छ। त्यहाँ उपस्थित सुब्बा, असई, हाकिम र नेतालाई घेरेको भिडलाई उपेक्षा गर्दै युवतीले वीरबहादुरको हात समाउँदै बाहिर निस्कँदा पत्रकारले सम्बोधन गरेको घटना पनि यिनै अनुच्छेदमा प्रस्तुत गरिएको छ। अनुच्छेद ७१ देखि ८५ सम्म पत्रकारले युवतीलाई आफू 'राष्ट्रवाहक'को रिपोर्टर भएको हुँदा कुरा गर्न चाहेको बताएपछि युवतीले आफूलाई पत्रकार र प्रहरीले खेदो खनेको भन्ने विचार व्यक्त गरेको विषय सन्दर्भका रूपमा आएको छ । युवतीले आफूभित्रको वेदना र आक्रोश व्यक्त गर्दै पत्रकारलाई उपेक्षा गर्न नसकेको प्रसङ्ग पनि यसमा आएको छ। युवतीले पत्रकारसँगको संवादमा प्रहरी र पत्रकार आफ्ना बारेमा अनावश्यक पछि लागेको भन्दै आफ्ना नितान्त व्यक्तिगत विषयमा चासो दिएकामा विरोधी विचार प्रस्तुत गरिएको सन्दर्भ आएको छ। समाजमा सर्वत्र युवती नै समाचारको पात्र बनाइएको विषय पनि यहाँ व्यक्त भएको छ। समाजमा प्रेम गर्दा होस्, बच्चा जन्माउँदा या इमानदार सोझो थारू वीरबहादुरलाई श्रीमान्को दर्जा दिँदा समाचारको पात्र युवतीलाई नै बनाएकोमा प्रहरी र सञ्चारमाध्यमका विरुद्धमा आक्रोश व्यक्त गरेको घटना यसमा मुख्य रूपमा प्रस्तुत भएको छ। आफूले कुनै नियमको उल्लङ्घन नगरे पनि बाँच्ने स्वतन्त्र अधिकारको हनन भएको युवतीको भनाइ यहाँ आएको छ। बोल्दाबोल्दै युवतीको गला अवरुद्ध भएको अनि सडक किनारामा सभा जस्तै हुँदा पत्रकारले माफी मागेको विषय पनि यिनै अनुच्छेदमा प्रस्तुत भएको छ । जे लेखे पनि आफूलाई छरपस्ट बनाएर लेखेमा र यस घटनापछिका आफ्ना क्रियाकलापलाई चियो गर्ने कोसिस गरेमा आत्महत्या गर्ने चुनौती दिँदै युवतीले अन्तिम पटकलाई सोध्ने केही छ भनी पत्रकारलाई सोधेको घटना उल्लेख भएको छ। युवतीको यस किसिमको अभिव्यक्तिले पत्रकार गूढरहस्यको चिन्तनमा हराउँदै युवतीको वेदनाजन्य जीवनबारे चिन्तित हुनुका साथै फोन नम्बर लेखेको टुक्रा दिएर वीरबहादुरको साथमा पर पुगेको घटना पनि कथामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथाका अनुच्छेद ८६ देखि १०८ अनुच्छेदसम्म युवतीले पत्रकारसँग हिन्दु पौराणिक व्यवस्थामा आधारित यो समाजले सत्यवती, द्रौपदी जस्ता नारीहरूलाई पवित्र नारीका रूपमा सम्मान गरेको तर कैयौँ

जीवित नारीहरूले मुर्दातुल्य जीवन बाँच्नुपरेको विषय उठान भएको छ । युवतीले समाजबाट तिरस्कृत नारीलाई जिन्दगी दिने क्षमता नराख्नेले लखेट्न पनि नहुने तर्क प्रस्तुत गरेको सन्दर्भ पनि व्यक्त गरिएको छ । युवतीले आफ्नो विगतका बारेमा पत्रकारलाई खुलस्त पार्ने क्रममा आफू प्रेमीसँगको सम्बन्धबाट गर्भवती भएपछि प्रेमी बेपत्ता हुँदा सामाजिक लाञ्छनाको सिकार बनेकी, त्यस अवस्थामा आत्महत्याको सोच आएको अनि बच्चा जन्माउने बेलामा वीरबहादुरले अस्पतालमा लगेर पतिको नाममा आफ्नो नाम लेखेको विषय सन्दर्भ उल्लेख भएका छन् । अनुच्छेद १०९ देखि ११५ सम्म वीरबहादुरले युवतीको बच्चाको बाबुको नाम लेख्नुपर्ने ठाउँमा आफ्नो नाम लेखेको र युवतीले सुत्केरी अवस्थामा पौराणिक पुस्तकको अध्ययन गरेको सन्दर्भ आएका छन् । युवतीले बाँकी दिनमा आफ्नो जीवनलाई अस्तित्वपूर्ण बनाउने प्रणका साथ अगि बढेर वीरबहादुरलाई एक आधुनिक पिता र श्रीमान्का रूपमा सहर्ष स्वीकार गरी आधुनिक युगको जीवन बाँचेको सन्दर्भ प्रस्तुत पनि यी अनुच्छेदमा प्रस्तुत भएको छ । युवतीले पाँच वर्ष पुगेको छोरालाई भविष्यमा पत्रकार, प्रहरी नबनाउने बरु कुमारी अवस्थामै जन्मेका व्यासले साहित्यकार बनेर सत्यवतीलाई महान् आमाका रूपमा अमर बनाएझैँ आफ्नो छोरालाई पनि निष्पक्ष रूपमा निर्दोषका कथा लेख्ने साहित्यकार बनाउन चाहेको विषय उल्लेख भएको छ । युवतीले पत्रकारलाई पनि 'एक ठकुरीकी छोरीले थारू पोइ रोजी' भनेर समाचारको शीर्षक नबनाउन आग्रह गरेको घटना पनि यहाँ प्रस्तुत भएको छ । पत्रकारको जागिरभन्दा उसको अधिकार र अस्तित्व ठुलो छ भन्ने युवतीको बयानले पत्रकारको मानसिकता बदलिएकाले नारी संवेदनालाई विषय बनाएर अबदेखि समाचार नलेखिने विश्वासका साथ कथाको सन्दर्भ टुङ्ग्याइएको छ ।

## वर्गीय प्रतिरोध

रामलाल जोशीद्वारा रचित *ऐना* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमध्ये वर्गीय प्रतिरोधी विचारका दृष्टिले 'श्रीमान् वीरबहादुर' कथा सशक्त देखिन्छ । यहाँ यस कथामा अभिव्यक्त वर्गीय प्रतिरोधलाई सूक्ष्म रूपमा केलाइएको छ ।

समाजमा विविध वर्गको सिर्जना हुनु वर्गीयताको अवस्था हो । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि आधारमा समान स्तर भएका सदस्यहरूको समूह नै वर्ग हो । "एउटै प्रकृतिका वा समान सामाजिक अवस्था भएका र एउटै प्रकृतिका काम गर्ने मानिसहरू एक वर्गका हुन्छन् र अर्कै प्रकारका काम गर्ने मानिसहरू अर्कै वर्गका हुन्छन् । यस हिसाबले भन्नुपर्दा ज्यामी, किसान र मजदुरहरू शोषित वर्ग हुन् भने पुँजीपति र जमिनदार शोषक वर्ग हुन्" (श्रेष्ठ, २०६५, पृ. ७५) । रामलाल जोशीका कथामा समेटिएका चरित्रहरूको आर्थिक हैसियत एकै किसिमको देखिँदैन । आर्थिक रूपमा विपन्न अवस्थामा रहेका मानिसहरू शक्तिकेन्द्रको पहुँचबाट किनारामा पारिएका छन् । समाजमा विद्यमान संस्कृतिका कारण निम्न वर्गका पात्रको जीवन दुःखमय बनेको छ । कथामा शक्ति, सत्ता र सम्पत्तिमा पहुँच नहुने मानिस सर्वत्र उपेक्षित र उत्पीडित बनेको देखाइएको छ साथै उच्च वर्गीय पात्रहरूको उपस्थिति सुदृढ र प्रबल देखिन्छ । समाजमा शक्ति, पद र पैसाको आडमा उच्च वर्गले निम्न वर्गमाथि शोषणका अनेक तरिकाहरू प्रयोग गर्दछ । प्रस्तुत कथामा पनि वर्गीय दृष्टिले उपेक्षित बनेको रिक्सा चालक वीरबहादुरले सामाजिक प्रतिष्ठा गुमाउनुपरेको छ । उसले प्रहरीको हिरासत बस्दा शारीरिक यातना खेप्नुपरेको छ । उच्च वर्गका व्यक्तिले उसको हुर्मत लिएका छन् । उच्चवर्गीय सुब्बासापले दुई हजारमा श्रीमती माग्ने दुस्साहस देखाउँदा वीरबहादुर सुब्बामाथि जाइलाग्छ । यसरी आफ्नी पत्नीको इज्जतसँग खेल्न खोज्ने सुब्बाका विरुद्ध वीरबहादुरमा प्रतिरोध जागृत हुन्छ ।

वीरबहादुरले आफूमाथिको अन्यायका विरुद्धमा आवाज मात्र होइन, प्रतिकारका निम्ति भिड्न सक्ने प्रतिरोधी विचार विकास भएको कथाको निम्न सन्दर्भले पुष्टि गरेको छ :

> एइ, फ्याउरे तेरो नाम के हो भन् ?
> फ्याउरे-स्याउरे नभन्नुहोस् है, वीरबहादुर हो मेरो नाम ।
> ...तँ साले, रिक्सा चलाउने थारू, मुसाकाल । किन कुटिस् सुब्बासाप्लाई ?
> ए पुलिस डाइ । गाली नगर है, अब ट म सहन्नँ ।
> तेरीमाँ साला मुसाकाल, बर्ता बोल्छस् ? किन हात छोडिस् भनेको, ह्वाँलाई ?
> टेरै माँ होला नि । टेसलाई सोँढ न ।
> हान्, साला थारूलाई ठोक् ।
> खै, हानेर डेखा त । थरूहटमा उजिर गर्छु अनि खालास् । (जोशी, २०७३, पृ. १४२)

प्रभुत्वशाली प्रहरी र सुब्बासापले निम्न वर्गीय पात्र वीरबहादुर जस्ता पात्रमाथि शोषणवृत्तिको परम्परा नै कायम गरेका हुन्छन् तर सत्ता र शक्तिद्वारा नियन्त्रित वीरबहादुर जस्ता निम्न वर्गीय पात्रमा उच्च वर्गीय उत्पीडनका विरुद्ध विद्रोही चेतना जागृत भएको छ । केन्द्रीय शक्तिले किनाराकृत बनाएको यथार्थ सीमान्तकृतमा बोध हुन्छ । निम्नवर्गीय वीरबहादुरले आफूमाथि गरेको ज्यादतीका विरुद्ध आफ्नो समूहमा (थरूहटमा) उजुरी गर्ने चुनौती पनि दिन्छ । यसरी वीरबहादुरमा प्रतिरोधी चेतना सशक्त भएको कुरा उपर्युक्त सन्दर्भबाट पुष्टि हुन्छ ।

कथामा प्रभुत्व वा शक्तिमा रहनेले सीमान्तकृत समुदायमाथि जेजस्तो अन्याय गर्न पनि छुट पाएको हुन्छ । शक्ति र सत्ताको आडमा निम्न वर्गीय व्यक्तिको सामाजिक प्रतिष्ठा र अस्तित्वमाथि आँच आउने गरी जस्तोसुकै हर्कत गर्न पनि उच्च वर्ग उद्यत देखिएको छ । यहाँ सार्वजनिक पद धारण गरेका जनसेवक प्रहरीले वीरबहादुरलाई 'मुसाकाल', 'साला', 'माँसाला', जस्ता शब्दहरू सम्बोधन गरी निम्नवर्गीय व्यक्तिलाई मान्छे नै नगन्ने परिपाटीलाई चरितार्थ गरेका छन् । उच्च वर्गका सुब्बा र प्रहरी जस्तालाई शक्तिको दुरुपयोग गर्न, अन्याय गर्न, मानहानि हुने कार्य गर्नका लागि प्रमाणपत्र नै प्राप्त भएको छ अथवा निम्न वर्गका मानिसलाई उपेक्षा गर्नका लागि नै सरकारी सेवक बनेका हुन् भन्ने अवस्था देखिएको छ । यसको पुष्टि कथाको निम्न सन्दर्भबाट हुन्छ :

> इ... नाप्छ तेरो थरूहटले ।
> ए, डन्ठे, डन्डा देखाएर नढम्का है ।
> ...किन कुटिस् सुब्बासापलाई ? तेरो टाउको फोडूँ ?
> ए गाली नगर है, पाटकीमोरा ।
> ... ए, माँसाला मुसाकाल चूप् ।
> ...यो नोकर जैरेका लागि हजुरले किन सही गर्नुपऱ्यो र ?
> ए...छोड्देऊ यो हाम्रो मैसापको नोकर रै'छ । छोड्देऊ भैगो । (जोशी २०७३, पृ. १४४/१४५)

कथाको उल्लिखित अंशमा प्रहरीले निम्न वर्गीय पात्र रिक्सा चालक वीरबहादुरलाई गरेको सम्बोधन र व्यवहाबाट आर्थिक र सामाजिक हैसियत कमजोर देखिने व्यक्ति तथा समुदायलाई गरिने व्यवहार कति लज्जाजनक हुन्छ भन्ने स्पष्ट भएको छ । प्रभुत्वशाली व्यक्तिबाट अनाहकमा हेपिनु, इज्जतको धज्जी उडाउनु

जस्ता निन्दनीय हर्कतका विरुद्ध निम्न वर्गीय मानिसमा पनि न्याय र समानताप्रति आत्मगौरवको भाव बढेको पाइन्छ । उच्च वर्गका व्यक्तिहरूले गरेको अन्यायले सीमा नाघेपछि निम्न वर्गीय पात्रमा पनि त्यसका विरुद्ध प्रतिरोधको भाव प्रबल बनेको कुरा माथिको कथा सन्दर्भबाट पुष्टि भएको छ ।

## जातीय प्रतिरोध

रामलाल जोशीका कथा जातीय प्रतिरोधका दृष्टिले पनि सशक्त देखिन्छन् । उनको *ऐना* कथासङ्ग्रहमा सङ्गृहीत 'श्रीमान् वीरबहादुर' कथामा अभिव्यञ्जित जातीय प्रतिरोधलाई यहाँ सूक्ष्म रूपमा केलाइएको छ ।

नेपालमा जातीय व्यवस्थाको सुरुवात प्राचीन कालदेखि नै भएको मानिन्छ । यो ऐतिहासिक, सामाजिक संरचना हो, जसले समाजलाई विभिन्न जात र वर्गमा विभाजन गरेको छ । यसले नेपालको सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक जीवनमा गहिरो प्रभाव पारेको छ । समयको क्रमसँगै समाज र संस्कृतिमा आएको प्रभुत्वशालीद्वारा सिर्जित जातीय व्यवस्था पनि केही उदार देखिएको पाइन्छ । समाजमा मानवीय व्यवहार र चिन्तनमा क्रमिक सुधार भएको छ । राज्यसञ्चालनका विधि, संयन्त्र र न्याय प्रणालीमा भएको सुधारोन्मुख कार्यशैलीले उत्पीडक र उत्पीडित दुवै समुदायमा सचेतता देखिएको छ । आदिवासी तथा दलनमा परेको समुदायमा पनि आफू उत्पीडनमा परेको, अनावश्यक रूपमा हेपिएको घटना र दृश्यप्रति सजगता बढेको पाइन्छ । सामाजिक, सांस्कृतिक र कानुनी रूपमा उनीहरू सशक्त बन्दैआएका छन् । आफूमा भएको ज्यादतीपूर्ण व्यवहार र प्रवृत्तिको डटेर प्रतिरोध गर्नसक्ने भएका छन् । यस कथाको निम्न प्रसङ्गले उल्लिखित विषयलाई पुष्टि गरेको छ :

> एइ, यो कागजमा सही गर् भनेको, लेख्न आउँछ ?
> टेलाई पनि गराऊ अनि म गर्छु ।
> ए, तँलाई जेल जाने मन छ ? गर्दैनस् थारू ?
> गर्डैन ।...
> असै साप् यो मेरो नोकर होइन, बुझ्नुभो ? यो मेरो श्रीमान् हो, श्रीमान् ।
> ...यस्तो पनि हजुरको श्रीमान् हुन्छ ? नचाइने कुरा । यस्तो जैरे थारू पनि हजुरको श्रीमान् हुन्छ ? युवती गर्जिई - कस्तो हुन्छ मेरो श्रीमान्, हँ ? कस्तो हुनुपर्ने मेरो श्रीमान् ? तपैँजस्तो जन्तामारा ? यो सुब्बाजस्तो पतित ? त्यो हाकिमजस्तो घुस्याहा ? ऊ त्यो नेताजस्तो राष्ट्रघाती ? (जोशी, २०७३, पृ. १४५/१४६)

उपर्युक्त कथांशमा निम्न वर्गीय आदिवासी वीरबहादुरमाथि शक्तिशाली वर्गले निन्दनीय तथा हेयपूर्ण व्यवहार गरेको स्पष्ट हुन्छ । प्रहरी र सुब्बासाप् जस्ता प्रभुत्वशाली समुदायका प्रतिनिधिहरूबाट पटक पटक वीरबहादुरको स्वाभिमानमा चोट पुग्ने गरी 'नोकर', 'जैरे', 'थारू' भनेर अपमानित गरिएको छ । प्रहरी र सुब्बा जस्ता सामन्तवादी विचार भएका प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने प्रहरी र सुब्बाले गरेको उपेक्षापूर्ण व्यवहारप्रति युवतीले ठाडै प्रतिवाद गरेकी छ । युवतीले आफ्नो श्रीमान् वीरबहादुरलाई प्रहरी हिरासतबाट निकाल्न खोज्दा चौकीका प्रहरीको 'यस्तो जैरे थारू पनि हजुरको श्रीमान् हुन्छ ? भन्ने अभिव्यक्तिबाट आदिवासी तथा निम्न आर्थिक अवस्था भएका मानिसलाई हेर्ने दृष्टिकोण र अनुदार प्रवृत्तिलाई बुझाउँछ । प्रहरीको यस्तो हर्कत देखेपछि युवतीमा आक्रोश पैदा भएको छ । प्रभुत्वशालीहरूको आम सर्वसाधारणलाई

हेर्ने दृष्टिकोण र असहिष्णु व्यवहार बुझेपछि युवतीले त्यस किसिमको व्यवहारको खुलेरै प्रतिकार गरेकी छ । उसको यस अभिव्यक्तिमा देशसेवक भनिएका जनताको हक र अधिकारको सुनिश्चित गरी कार्यान्वयन गर्न बसेका सामन्तबाट जनताले दुःख सिवाय केही प्राप्त गर्न नसकेको सत्य लुकेको छ । पद र ओहदाको सम्मान गर्न नसक्ने नालायकहरूबाट देश र जनताको अवस्था बर्बाद भएको तथ्य युवतीबाट व्यक्त भएको छ । यसरी आदिवासी तथा दलनमा परेका समुदायलाई प्रभुत्वशाली समुदायले दमन, अन्याय र अत्याचार गरिरहेको र त्यसका विरुद्ध प्रतिरोध र विद्रोह बढ्दै गएको वर्तमान समाजको सन्दर्भलाई यस कथाले सशक्त रूपमा प्रस्तुत गरेको छ ।

## लैङ्गिक प्रतिरोध

रामलाल जोशीको *ऐना* कथासङ्ग्रहमा सङ्कलित 'श्रीमान् वीरबहादुर' कथा लैङ्गिक प्रतिरोधका दृष्टिले पनि सबल रहेको छ । यस कथामा अभिव्यक्त लैङ्गिक प्रतिरोधसम्बन्धी सन्दर्भलाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ ।

लैङ्गिकता अङ्ग्रेजी शब्द 'जेन्डर' नेपाली रूपान्तरण हो । यस शब्दले खास गरी स्त्रीत्व र पुरुषत्वलाई सङ्केत गर्दछ । बलराम आचार्य (२०७४) का अनुसार "लिङ्ग र लैङ्गिकतालाई एकै अर्थमा प्रयोग गर्ने प्रचलन रहे पनि यी दुई समान नभएर भिन्न हुन्" (पृ. १) । लिङ्ग प्रकृति प्रदत्त शरीरलाई चिनाउने जीववैज्ञानिक विषय हो भने लैङ्गिकता सांस्कृतिक विषय हो । नेपाली समाज विविध परम्परा र सांस्कृतिक मूल्यमान्यताहरूमा हुर्किएको छ । यहाँका विभिन्न मूल्य, मान्यता, संस्कृति र परम्परा पुरुषकेन्द्री रहेका छन् । प्रस्तुत कथा युवती नामकी नारी पात्रको केन्द्रीयतामा संरचित छ । कथामा हाकिम भएको ठकुरी बाबुकी एक्ली छोरी युवती (प्रेमलता) जवान हुँदा प्रेममा पर्दछे । ऊ कुमारीमै गर्भवती बन्दा समाजमा कलङ्कित बन्छे । उसको प्रेमी पनि बेपत्ता हुन्छ । यस विषम अवस्थामा उसलाई समाजमा अनेक लाञ्छना लगाउँछन् । युवतीले पुरुषप्रधान समाजका कारण अनेक बेइज्जती सहनुपर्दछ । पितृसत्तात्मक सामाजिक संरचनामा सरम पचेका केवल नारी मात्र हुन्छन् भन्ने सोचिन्छ पुरुषको कुनै दोष देखिँदैन । नारी भएकै कारण कथाकी पात्र प्रेमलता अर्थात् युवतीले अनेकौं छिः छिः र दुर्दुर्को व्यवहार सहनुपर्दा उसमा प्रतिरोधी चेतनाको विकास भएको छ । प्रेमलता आफ्नो असुरक्षित अवस्थाबाट मुक्त हुन वीरबहादुरलाई श्रीमान् मान्छे । उसको यो निर्णय विद्यमान सामाजिक नियम, परम्परा र जातीय सीमा तोड्ने कदम हो साथै यसले उसको हक, अधिकार र अस्तित्वको सुरक्षामा सहयोग पुऱ्याएको छ । प्रभुत्वशाली पितृसत्ताका विरुद्ध ऊ एक्लैले आफ्नो आवाजलाई बुलन्द बनाएको कथाको निम्न सन्दर्भबाट पुष्टि भएको छ :

> समाजमा कोही अरु मान्छे छैनन्, पुलिस र पत्रकारका लागि ? समाजमा अरु कसैले प्रेम गर्दैनन् ? अरु कसैले यौन क्रियाकलाप गर्दैनन् ? अरु कोही होटलमा वास बस्दैनन् ? अरु कुनै केटीले बच्चा पाउँदैनन् ? अरुले विवाह गर्दैनन् ...कतिसम्म र कहिलेसम्म लखेटिरहन्छौ हँ, तिमीहरू मलाई ? मैले समाजको कुन कानुन उल्लङ्घन गरेँ ? मैले के अपराध गरेँ ? के मेरो जीन्दगीको स्वतन्त्रता छैन ? चासो, चर्चा र घृणाको पात्र नबनीकन बाँच्ने अधिकार छैन मलाई ? (जोशी, २०७३, पृ. १४७)

उल्लिखित सन्दर्भमा व्यक्त युवतीका विचारमा उसले गरेका क्रियाकलाप आम मानिसले गर्ने क्रियाकलाप हुन् तर उसलाई प्रभुत्वशाली पितृसत्तात्मक समाज, प्रहरी प्रशासन र पत्रकारले उसको खेदो खनेका छन् । प्रभुत्वशाली वर्गले युवतीको व्यक्तिगत जीवनमा अनावश्यक चासो राखी उसको जीवन

पीडादायी बनाइदिएको छ । दुःखमा साथ दिन नसक्ने समाजलाई थप दुःख दिने अधिकार पनि नभएको भन्ने युवतीको धारणा कथामा अभिव्यक्त भएको छ । उसले समाजमा आफूलाई उत्पीडनमा पारिएको विषयप्रति ध्यानाकर्षण गराएकी छ । युवतीले नेपाली प्रशासन, प्रहरी, पत्रकारिता र वर्चश्वशाली समाजका विरुद्ध प्रतिरोध गरेकी छ । कथामा युवती पात्रले महिला भएकै कारण प्रभुत्वशाली समाजले उसको स्वतन्त्र भई बाँच्न पाउने अधिकार गुमाउनुपर्दा प्रतिरोधको आवाज प्रस्तुत गरेको कुरा उपर्युक्त कथाअंशबाट स्पष्ट हुन्छ ।

विवेच्य कथामा नारीले स्वतन्त्र भएर बाँच्न खोज्दा उसको जीवनमा अनेकौं प्रहार हुन्छन् । प्रभुत्वमा रहेको वर्गले नारीका विचार, भावना र चाहनामाथि रोक लगाउने कार्य गर्दछ । सुब्बासापले वीरबहादुरलाई जबरजस्ती रक्सी खुवाएर रिक्सा चलाउँदा 'अरे भाइ दुई हजार डिन्छु, टेरी श्रीमती आज मिलाइ डेन' (जोशी, २०७३, पृ. १४४) भन्ने अभिव्यक्तिमा शक्तिशाली समुदायका व्यक्तिले अधीनस्थ वर्गका मानिसलाई होच्याएर 'तेरी श्रीमती एक रातका लागि पठाइदे' भन्नसमेत हिम्मत राख्छन् अर्थात् उनीहरूलाई जे भने पनि हुन्छ, जसो गरे पनि हुन्छ भन्ने सोचाइ राख्छन् अनि ती वर्गसित सम्बन्धित महिला केवल मन बहलाउने साधन वा वस्तु मात्र भएको ठान्छन् भन्ने तथ्य पनि पाइन्छ । त्यसै गरी कथामा युवतीले पुलिस, प्रशासन र पत्रकारितामा भएको प्रभुत्वका कारण नारीहरूको जीवन कष्टदायी बनेको कुरा पत्रकारलाई बताएको कथाको निम्न सन्दर्भले लैङ्गिक प्रतिरोधलाई पुष्टि गरेको छ :

> ...कैयौँ जीवित नारीहरू यस समाजमा बाँचेर पनि मुर्दातुल्य छन् । उदाहरणका लागि मेरै उद्योग आश्रममा रहेका यी यौवनाहरूलाई तिमी हेर्न सक्छौ । अनि म स्वयम् पनि तिम्राअगाडि खडा छँदै छु । कुनै प्रेमीबाट धोका खाएका, कुनै पुरुषको वासनाको शिकार भएका, कुनै बेचिएका र कुनै घरबाट निकालिएका यी नारीहरूको पीडा कहिल्यै बुझ्न सक्यौ ? तिनीहरूको बारेमा सोच्न सक्छौ कहिल्यै ? त्यस्ता नारीहरूलाई जगाउने दम छ, तिम्रो कलममा ? (जोशी, २०७३, पृ. १५०)

उपर्युक्त कथाअंशमा नारीहरू लैङ्गिक रूपमा उपेक्षित र उत्पीडित भएको वस्तुसत्य व्यक्त भएको छ । समाजमा पुरुष शक्तिशाली भएको हुँदा शक्तिको केन्द्रमा हुन्छ र लैङ्गिक हिसाबले महिलाहरू सीमान्तकृत हुन्छन् । प्रस्तुत कथाका उल्लिखित नारी पात्रहरू समाज, घरपरिवार र व्यक्ति आदि लैङ्गिक हिंसाबाट विक्षिप्त बनेका छन् । समाज शक्तिशालीहरूको कब्जा रहेको हुँदा सामाजिक हैसियत नबनेका व्यक्ति र समुदाय सीमान्तकृत बनाइएका छन् । नारीलाई केवल वस्तु मात्र देख्ने पुरुष मानसिकताले गर्दा समाजमा लैङ्गिक हिंसा भएका हुन् । युवतीले नारीलाई नङ्ग्याएर पत्रकारिता बचाउनुभन्दा नारीको वृद्धिविकासका लागि सोच्न पत्रकारलाई आग्रह गरेकी छ । युवतीले पत्रकारलाई समुन्नतिको मार्गमा नारीलाई बढाउन सक्ने सामर्थ्य तिम्रो कलममा छ ? भन्ने प्रतिप्रश्न गर्दै प्रभुत्वशाली समूहको विभेद र दमनको प्रतिरोध गरेकी छ । यस कथाका यिनै र यस्तै सन्दर्भहरूले उत्पीडित पात्र युवतीको प्रभुत्वशाली समुदायका विरुद्ध प्रतिरोधी विचार सशक्त बनेको स्पष्ट भएको छ ।

## निष्कर्ष

प्रभुत्वशाली वर्गले गरेको उत्पीडनका विरुद्ध जागरुक भएर आफ्नो अधिकार सुरक्षित गर्न वा गर्ने अवसर प्राप्तिका लागि क्रियाशील भई प्रस्ट आवाज उठाउन सक्ने जागरुकता नै प्रतिरोध हो । परम्परावादी नेपाली समाजका वर्गीय, जातीय तथा लैङ्गिक समुदायको प्रतिरोधलाई अत्यन्त प्राथमिकताका साथ अभिव्यक्त गरेका हुनाले रामलाल जोशीका कथामा सीमान्त समुदायको सघन प्रतिनिधित्व भएको देखिन्छ ।

रामलाल जोशीको 'श्रीमान् वीरबहादुर' कथामा प्रतिरोधी चेतना सशक्त ढङ्गमा अभिव्यक्त भएको छ । शक्तिशाली वर्गले गरेको उत्पीडनका विरुद्ध सचेत भई आफ्नो अधिकारका लागि क्रियाशील हुँदै आवाज उठाउनु नै प्रतिकार वा प्रतिरोध हो । नेपाली समाजमा विकसित हुँदैगएको चेतनालाई ग्रहण गर्दै वर्गीय, जातीय र लैङ्गिक आधारमा शक्तिकेन्द्रको उपेक्षाको सिकार बनी विवश जीवन बाँचेका समुदायलाई रामलाल जोशीका कथामा अभिव्यक्त गरिएको कुरा यस अध्ययनबाट स्पष्ट भएको छ । यसरी हेर्दा सत्ता र शक्तिकेन्द्रबाट छायामा पारिएको सुदूरपश्चिमका जनताको आवाजलाई लेखकले बुलन्द बनाएका छन् । 'श्रीमान् वीरबहादुर' कथामा विशेषतः लैङ्गिक प्रतिरोध सघन रूपमा अभिव्यञ्जित भएको पाइन्छ । यसमा प्रेमलताका माध्यमबाट सामाजिक, सांस्कृतिक नियम र विचारधारालाई चुनौती दिइएको छ । महिलाका हक, अधिकार र स्वतन्त्रताको पक्षमा बुलन्द विचार व्यक्त गरिएको छ । यसर्थ यस अध्ययनमा भएका विश्लेषणका आधारमा प्रस्तुत कथा नवीन चेतनाको संवाहक बनेर सीमान्तीय प्रतिरोधलाई सशक्त रूपमा अभिव्यिक्त दिन सफल बनेको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भसामग्री सूची

आचार्य, बलराम (२०७४). *लैङ्गिक समाजशास्त्र* (दोस्रो संस्क.). नेसनल बुक सेन्टर ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन नेपाल ।

जोशी, रामलाल (२०७३). *ऐना.* बुक-हिल पब्लिकेसन ।

महर्जन, राजेन्द्र (२०७७). *सिलु म्ये र सामजिक प्रतिरोध.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राई, यसोदा (२०७८). खगेन्द्र सङ्ग्रौलाका कथामा प्रतिरोधी चेतना. *प्रज्ञा, १*(१२३). नेपाल प्रज्ञा-प्रतिष्ठान, १५४-१६५ ।

श्रेष्ठ, कृष्णदास (२०६५). *द्वन्द्ववाद र द्वन्द्वात्मक प्रवर्गबारे.* विश्व नेपाली पुस्तक सदन ।

Scott, J. C. (1985). *Weapons of the Weak : Everyday forms of peasant resistance*. Yale University Press.

Foucault, M. (1978). *The history of sexuality. Volume I*. Pantheon Books.

Butler, J. (1990). *Gender trouble: feminism and the subversion of identity*. Routledge.

Gramsci, A. (1971). *Selections from the prison notebooks*. International Publishers.

Spivak, G. C. (1988). "Can the Subaltern Speak?" in *Marxism and the Interpretation of Culture*. Macmillan.

De Man, P. (1982). *The resistance to theory*. University of Minnesota Press.